ज्योति विकास बैंक लिमिटेडको

तेस्रो वार्षिक साधारण सभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)

यस ज्योति विकास बैंक लि.का सञ्चालक समिति अध्यक्ष श्री प्रचारमान सिंह प्रधानको अध्यक्षतामा मिति २०६७।११।२० गते (तदनुसार मई ४, २०११) शुक्रवार विहानको ११:०० बजे देखि साँझको ७:४५ बजे सम्म नेपाल प्रज्ञा प्रतिष्ठान भवन, कमलादी, काठमाण्डौंमा बसेको बैंकको तेस्रो वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट) देहाय वमोजिम रहेको छ ।

साधारण सभामा उपस्थिति, छलफलका बिषयसूची, सूचना प्रकाशन, गणपुरक संख्या, सभाको बैधानिकता र अध्यक्षता, सभा संचालन तथा प्रतिबेदन प्रस्तुति, छलफलमा सहभागिता, छलफलका क्रममा ब्यक्त गरिएका मन्तब्य, प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम छन्:

१. उपस्थिति:

(क) सञ्चालकहरुको उपस्थिति:

१) श्री प्रचारमान सिंह प्रधान - संचालक अध्यक्ष

२) श्री ध्रुबराज भट्टराई - संचालक सदस्य

३) श्री विनोद कुमार ढकाल - संचालक सदस्य

४) श्री राम कुमार श्रेष्ठ - संचालक सदस्य

५) श्री हरि प्रसाद आचार्य - संचालक सदस्य

(ख) अन्य पदाधिकारीहरुको उपस्थिति:

| | | |
|---|---|---|
| १) | श्री झलक प्रसाद खनाल | प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री हेम राज राना भाट | नायव महाप्रवन्धक |
| ३) | श्री सुजन सुवेदी | सहायक महाप्रवन्धक |
| ४) | श्री मदन कुमार महत | कम्पनी सचिव/प्रमुख-कानून विभाग, मानव संसाधन विभाग |
| ५) | श्री राकेश प्रजापति | प्रमुख- लेखा विभाग/सामान्य सेवा विभाग |
| ६) | श्री बसन्त पुरी | प्रतिनिधि- कम्पनी रजिष्ट्रारको कार्यालय |
| ७) | श्री भरत राज अर्याल | प्रतिनिधि- नेपाल धितोपत्र बोर्ड |
| ८) | श्री केदार प्रसाद कोइराला | प्रमुख निर्वाचन अधिकृत |
| ९) | एफ सि ए श्री टंक प्रसाद पनेरु | वाह्य लेखा परिक्षक |

१०) एफ सि ए श्री ज्ञानेन्द्र बहादुर भारी प्रस्तावित वाह्य लेखा परिक्षक

(ग) शेयरधनीहरुको उपस्थिति:

१) उपस्थित शेयरधनीहरुको संख्या

| | | | |
|---|---|---|---|
| (क) | शेयरधनी स्वयंबाट | ७३५ | जना |
| (ख) | प्रतिनिधि (प्रोक्सी) बाट | ११,२६६ | जना |

२) शेयरको प्रतिनिधित्व संख्या ४०,६६,३७० कित्ता

३) शेयर संख्याको प्रतिनिधित्व प्रतिशत ५४.९५ प्रतिशत

(घ) यस सभाको मितिसम्ममा कायम रहेका ६७,९०९ जना शेयरधनीहरु सभामा सहभागि हुन योग्य थिए र मतदान गर्न सर्वसाधारण शेयरधनी समुहका तर्फबाट ६६,२६८ जना शेयरधनीहरु योग्य थिए ।

२. <u>छलफलका विषयहरु:</u>

(क) सामान्य प्रस्ताव

(१) सञ्चालक समितिको आ.व.२०६६/०६७ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०६७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६६/०६७ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

(३) आर्थिक बर्ष २०६७/०६८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने संचालक संख्या- ३ जना निर्वाचित गर्ने ।

५) संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्वन्धि व्यवस्थामा परिमार्जन/ संशोधन गर्ने ।

६) धितोपत्र बोर्डको निर्देशानुसार संचालक हुन लिनुपर्ने न्यूनतम शेयर संख्या परिवर्तन गर्ने सम्वन्धमा ।

(ख) विशेष प्रस्ताव:

(१) बैंकको प्रवन्ध पत्र, नियमावली (संलग्न विवरण अनुसार) मा आवश्यक परिमार्जन/ संशोधन गर्ने ।

(ग) विविध ।

३. <u>सूचना प्रकाशन:</u>

सञ्चालक समितिको मिति २०६७ साल माघ १७ गते सोमबार (तद्नुसार Monday 31st . January, 2011) मा बसेको ८२ औं बैठकको निर्णयानुसार तथा कम्पनी कानूनमा भएको व्यवस्था बमोजिम यस ज्योति विकास बैंकको तेस्रो वार्षिक साधारण सभा मिति २०६७ फागुन २० (४ मई २०११) मा वस्ने सूचना तथा बार्षिक प्रतिबेदन शेयरधनी महानुभावहरुको ठेगानामा पठाइएको, मिति २०६७ माघ २८ गते र २०६७ माघ २९ गतेमा क्रमश: नागरिक र अभियान राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको थियो साथै बैंकको Web Site मा सभा सम्बन्धी विवरणहरु राखिएको थियो ।

४. <u>गणपुरक संख्या:</u>

| विवरण | कुल संख्या | स्वयं उपस्थित | प्रतिनिधी मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ६७,९०९ | ७३५ | ११,२६६ | १२,००१ | १७.६७ |
| शेयर संख्या | ७४,००,००० | १८,४९,५०० | २२,१६,८७० | ४०,६६,३७० | ५४.९५ |

५. सभाको वैधानिकता तथा अध्यक्षताः

कम्पनी सचिव मदन कुमार महतले उपस्थित शेयरधनी महानुभावहरुलाई विकास बैंकको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ को दफा ७३ तथा विकास बैंकको नियमावलीको नियम २३ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको ब्यहोरा सभालाई अवगत गराउनु भयो र वैधानिक प्रकृया पुरा भएकोले सभाको अध्यक्षता ग्रहण गर्न संचालक समितिका अध्यक्ष श्री प्रचारमान सिंह प्रधानज्यूलाई अनुरोध गर्नु भयो र अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो ।

कम्पनी सचिवले विकास बैंकको वर्तमान संचालक समितिका सदस्यहरु तथा प्रमुख कार्यकारी अधिकृतज्यू लगायतका पदाधिकारीज्यूहरुलाई आसन ग्रहण गराउनु भयो ।

६. सभा संचालन तथा प्रतिवेदन प्रस्तुतिः

कम्पनी सचिवले सभाको शुरुवात गर्न सभाका सभाध्यक्षज्यूलाई अनुरोध गर्नु भयो । सभाध्यक्षज्यूले सर्वप्रथम सम्पूर्ण शेयरहोल्डर महानुभावहरुलाई ज्योति विकास बैंक लि. को तेस्रो वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्दै संचालक समितिको तर्फबाट आ.ब. २०६६/०६७ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

तत्पश्चात सभाध्यक्षज्यूले सभा समक्ष सञ्चालक समितिको प्रतिवेदन सहितको बैंकको आ.ब. २०६६/०६७ को लेखा परिक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण छलफलका लागि प्रस्तुत गर्नु भई सो उपरको छलफलमा भाग लिन तथा यस बैंकको कारोवार सम्वन्धी विविध पक्षहरुमा आफ्नो विचार मन्तब्य तथा जिज्ञासाहरु ब्यक्त गर्नको लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

७. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु : छलफलका क्रममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो राय, जिज्ञाशा र सुझावहरु ब्यक्त गर्नु भयो ।

१) ब्यास कुमार शर्मा

- शुभारम्भमा प्रतिवेदन माथि टिप्पणीका लागि ३ मिनेटको समय कम भएको कुरा व्यक्त गर्नु भयो ।

- संचालनमा आएको ३ वर्ष पुरा नभई Financial Figure and Fact को विश्लेषण योग्य हुँदैन ।
- वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण हेर्दा सकारात्मक देखिन्छ भने चालु आ.व. को ६ महिनामा सह्रानिय कार्य भएको देखिन्छ ।
- बैंकको Performance सन्तुलितका साथै सकारात्मक देखिन्छ ।
- वास्तविक मूल्याङ्कन गर्ने बेला नभईसकेको भए तापनि Morning shows the day भने झै प्रतिष्ठित र सुदृढ हुन साधारण सभा तोकिएको समयमा नै हुनु पर्दछ ।
- लाभांश वितरण गर्न सकेको भए अझै राम्रो हुने थियो ।
- कर्जा लगानी र Swap गर्दा ध्यान दिनु पर्ने देखिन्छ । Compliance को पाटो ज्यादै राम्रो भए जस्तो लागेन ।
- Interest Receivables बढेको, Non-Assets मा लगानी बढेको देखिन्छ ।
- मापदण्ड भन्दा कम भए तापनि NPA शुन्य हुनु पर्नेमा ०.०६ प्रतिशत रहेको छ ।
- Investment Portfolio का लागि थप लगानी हुनु पर्ने देखिन्छ ।
- C D Ratio high. Cash flow Negative, Profit Earning कम देखिन्छ ।
- Balance sheet को आकार र Profit को स्तर बढाई प्रति शेयर आम्दानीमा बृद्धि गर्नु पर्ने ।
- संचालनको पहिलो वर्ष नोक्सानीमा भए पनि दोस्रो वर्षदेखि नै नाफामा आउनु राम्रो हो ।
- Free of cost को Deposit mobilization गर्न सक्नु, Network Expanse गरि १३ वटा शाखा पुऱ्याउनु सह्रानिय पक्ष हुन ।
- Internet Banking Service, Safe Deposit Locker सुविधा, ABBS, ATM Facilities उपलव्ध गराउनु सह्रानिय कार्य हुन ।
- संचालक बैठक भत्ता रु. ३,०००।- वास्तवमा थोरै नै हो तर धैर्य गरि अर्को वर्ष प्रस्ताव गरेको भए राम्रो हुने थियो ।

२) नरसिंह लाल चखुँ

- Balance Sheet अध्ययन गर्दा, लाभांश दिन सक्ने देखिन्न, अर्को वर्ष दिनुहोला भन्ने आशा छ ।
- कूल कर्जा बढी भएकोले निक्षेप बढाउनु पर्ने ।
- लेखा समितिमा जम्मा कति भत्ता गयो, उल्लेख गर्नु पऱ्यो ।
- प्रतिवेदनमा अध्यक्षको दस्तखत वा द. भनि उल्लेख हुनु पऱ्यो ।
- गतवर्ष भन्दा तालिम खर्च, बिज्ञापन खर्च बढेको छ, तालिम पश्चात कर्मचारीको दक्षतामा बृद्धि भएको छ छैन ध्यान दिनु पर्छ भने बिज्ञापन गर्नु पर्छ तर त्यसबाट बढी भन्दा बढी फाईदा लिनु पर्दछ ।
- Corporate Resposibilities अर्न्तगत Goodwill कमाउन अझै ध्यान दिनु पऱ्यो ।
- अरु कम्पनीहरुको Product र Scheme हेरेर प्रतिस्पर्दाको आधारमा हाम्रा Product र Scheme बनाउनु पऱ्यो
- जगेडा कोषलाई बढाउनु पऱ्यो जसले गर्दा शेयर बजारमा राम्रो असर पार्दछ ।

३)　ब्रह्मदेव शाक्य

- आ.व. ०६५।०६६ को तुलनामा आ.व. ०६६।०६७ मा निक्षेपमा १३३.६०, कर्जामा १४०.८८, र खुद मुनाफामा ७८७.८८ प्रतिशतले बृद्धि भएको तथ्याङ्क पाउँदा हामीले लगानी गरेको बृक्षले आगामी वर्षमा लाभांशको फल चखाउने कुरामा हामी ढुक्कसंग बस्ने ठाउँ दिएको छ ।
- तरलताले सताउने हो की भन्ने चिन्ता लागेको छ ।
- शेयरधनीहरुले सहकार्य गर्न सक्ने कार्यक्रम ल्याउनु पर्‍यो ।
- जलविद्युत परियोजनामा लगानी गर्नु स्वागत योग्य छ ।
- बैंकका संचालक तथा प्रमोटरहरु विद्युतसंग सम्वन्धित विज्ञहरु भएको हुँदा परियोजना सफल हुने तथा देश कै समस्याको रुपमा रहेको लोडसेडिङ्ग हटाउन सक्षम हुने कुरामा हामी आशावादी छौं ।
- बैंकको नाम सुहाउँदो कार्य "तमसोमा ज्योतिर्गमय" अर्थात अन्धकारबाट उज्यालो तर्फ लगि देशलाई आत्मनिर्भर गराई लोडसेडिङ्ग भन्ने शव्द नेपालको शव्दकोषबाट हटाउन सफल होस् ।
- एक हजार लगानी गर्ने पनि लखपति शेयरधनी बन्न सकोस भन्ने शुभेच्छा राखदछु ।
- स्वास्थ्य तथा चिकित्सा क्षेत्रमा भएको लगानी पनि सह्रानिय छ ।
- सबैभन्दा राम्रो हाम्रो बैंकले विकास तथा नाफाको नाममा अव्वल नम्बरका कृषियोग्य भूमीलाई जथाभावी प्लटिङ्ग गर्दै कृषि प्रधान तथा खाद्य समाग्रीमा आत्म निर्भर मुलुकलाई खाद्यान्न तथा तरकारीमा परनिर्भर बनाउदै लगेको रियलस्टेटमा लगानी नगरेको देखिन्छ, यसलाई नाफाका लागि जुनसुकै कार्य नगर्ने र विनाश प्रतिरोधात्मक बैंकको रुपमा चित्रण गर्न सकिन्छ ।
- जलविद्युतका साथसाथै सरकारसंग सहकार्य गरि सिंचाई क्षेत्रमा पनि लगानी गर्ने होकी भन्ने सुझाव दिन चाहान्छु ताकी खाद्य सामाग्रीमा आकासिएको मूल्य बृद्धि कम गर्न सकियोस ।
- आगामी दिनमा प्रगतिको शुभकामना ।

४)　हरि सुवेदी

- समग्रमा हामीले केही आशा गर्ने र आशा गर्न लायक विवरण दिएकोमा खुशी लागेको छ ।
- Audit Report मा व्याज आम्दानीलाई नगद प्राप्तिका आधारमा लेखाङ्कन गरेको पाईयो ।
- कर्जा लगानी तर्फ बढी सचेत भएर गर्नु पर्ने कुरा नेपाल राष्ट्र बैंकको कैफियतबाट स्पष्ट हुन्छ ।
- आषाढ मसान्तमा कर्जा बन्द गर्ने प्रचलन यस बैंकमा नआओस ।
- आर्थिक मसान्तको अन्तिममा नगद मौज्दात कम देखिएको छ ।
- O D र Term Loan को केही हद पनि रियलस्टेट कर्जामा लगाईएको हुन सक्छ, त्यस तर्फ बढी सचेत हुनु पर्दछ ।
- लिजहोल्ड सम्पत्तीमा बृद्धि भएको देखिन्छ ।
- गत वर्षको कमसल कर्जा उठन नसकेको जस्तो छ ।
- सुरक्षा खर्चमा बृद्धि भएको छ ।

- Public Share Listing हुँदा ३१३ मा कारोवार भएकोमा अहिले १२०/२५ मा कारोवार भएको छ, यसलाई ध्यान दिनु पऱ्यो ।
- More Than A Bank भन्ने Slogan लाई परिवर्तन गर्नु राम्रो हुन्छ जस्तो लाग्छ ।
- Technical Team ले गरेका कार्यहरुको पनि प्रतिवेदनमा उल्लेख हुनु पर्दथ्यो ।

५) लोकेन्द्र वहादुर साउद

- यस बैंकलाई श्रमिक आन्दोलनको ऐतिहासिक पाटोको रुप बुझिएको छ, श्रमिकहरुले जोगाएर गरेको लगानीको सदुपयोग गर्दै उचित प्रतिफल प्राप्त होस ।
- धेरै लगानी गर्ने र बैंक स्थापनामा महत्वपुर्ण भूमिका निर्वाह गर्ने शेयरधनीलाई सम्मान गर्दै मन्चमा आसन ग्रहण गराउनु पर्दथ्यो । साथै नीति कार्यक्रम बनाउँदा स्थापनाकालमा सहयोगी भूमिका निर्वाह गर्ने शेयरधनीहरुसंग राय सुझाव लिई बनाउनु उचित लाग्दछ ।
- राष्ट्रिय स्तरको बैंक भएकोले पुर्व पश्चिम देशको सबै क्षेत्रमा शाखा विस्तार गर्नु पर्दछ, अहिले देख्दा राजधानी र पुर्व तर्फ मात्रै केन्द्रित भएको आभास भएको छ ।
- आन्तरिक लेखा परिक्षणका लागि वाह्य संस्थालाई दिनु भन्दा बैंकमा भएका कर्मचारीहरुलाई समावेश गरि आन्तरिक लेखा परिक्षण विभाग गठन गर्नु पऱ्यो ।
- नाफा खुवाएर मात्र भत्ता बृद्धि गर्नु राम्रो हुन्छ ।

६) उद्धव प्रसाद घिमिरे

- बैंकको तेस्रो साधारण सभा भएपनि हामी सर्वसाधारण शेयरधनीहरुका लागि पहिलो साधारण सभा हो ।
- वार्षिक प्रतिवेदन सरसर्ती हेर्दा राम्रै छ, प्रतिस्पर्धा बढी भएपनि प्रतिफल बढाउनु पऱ्यो ।
- Sundry Creditor को Debtor र Liabilities सन्तुलनमा राख्नु पऱ्यो ।
- लाभांश पोलिसी आउनु पऱ्यो । अर्को वर्ष कति प्रतिशतसम्म लाभांश पाउन सकिएला ?
- ५ करोड Borrowing के कस्तो हो ?
- Public ले धारण गरेको शेयरको ठाँउ खाली गरिएको छ, किन हो ?
- Reserve Surplus हेर्दा अर्को वर्ष लाभांश दिन सक्ने देखिन्न ।
- Margin deposit कम छ ,बढनु पऱ्यो ।
- Interest bearing account बढनु स्वभाविकै हो ।
- Management expense बढी देखिन्छ । सायद शाखा विस्तार भएर होला मर्मत, printing, विज्ञापन, सुरक्षा खर्च बढदै गएको छ ,खर्चमा कम गर्न ध्यान दिनु पऱ्यो
- कर्मचारी खर्च पनि गत सालभन्दा बढी देखिन्छ, ध्यानाकर्षण होस ।

७) रामेश्वर प्रसाद कलवार

- सर्वसाधारण शेयरधनीका तर्फबाट चुनिने संचालक व्यवसायिक क्षमता भएको मानिसलाई चयन गरियोस्, जस्तोसुकै मानिस संचालकमा आएर बैंकको विकास हुदैन ।
- नियमावलीको ३२(क) संसोधन हुनु हुदैन, किनभने संचालक हुनु र प्रमुख कार्यकारीको काम गर्नु अलग अलग कुरा हो । संचालकलाई कार्यकारी प्रमुख बनाउनु हुदैन ।

८) हरिशचन्द्र त्रिपाठी

- IPO भर्न भिड थियो, अहिले शेयर बिक्रि हुन सकेन, लाभांश दिन नसकेर हो ।
- नँया आउने सर्वसाधारण तर्फका संचालकले विद्यमान आलस्यलाई हटाउन सक्छ भन्ने विश्वास छ ।
- कागजमा जस्तै व्यवहारमा पनि योजना राम्रो हुनु पऱ्यो ।

९) डमरुबल्लभ घिमिरे

- कम्पनी संचालनमा आएको तीन वर्षको छोटो समयमा नै सर्वसाधारणमा शेयर बाँडफाँड गरि यो अवस्थामा ल्याउनु भएकोमा संचालकहरुलाई धन्यवाद् छ ।
- वार्षिक प्रतिवेदन पठाईएन, अर्को वर्ष पठाउने व्यवस्था होस् ।
- संचालकहरुको फोटोको तल नामसंगै कुन वर्गको संचालक हो लेखि दिएको भए राम्रो हुन्थ्यो ।
- वार्षिक साधारण सभाको सूचनामा कम्पनी सचिवको दस्तखत हुनु पर्दथ्यो साथै व्यालेन्ससिट नाफा नोक्सान हिसावहरुमा संचालकहरुको दस्तखतको द. भनि लेख्नु पर्दथ्यो ।
- यो बैंक विद्युत प्राधिकरण जस्तै नहोस ।
- ०.५ प्रतिशत शेयर धारण गर्ने शेयरधनीको नामसंगै संस्थापक वा सर्वसाधारण वर्गको शेयरधनी हो छुट्याउनु पर्दथ्यो ।
- शेयर भर्ने सबैलाई धन्यवाद् दिनु पर्दथ्यो, कन्जुस्याई गर्नु भएन ।
- यहाँ उठाईएका कुराहरुको कार्यान्वयन हुनु पऱ्यो ।
- नँया संचालकहरुले ओदानको काम गरि अर्को वर्ष लाभांश दिन सक्ने होस भन्ने शुभकामना दिन चाहान्छु ।

१०) अमिर दाश रन्जित

- हामीले बोल्ने बेलामा मात्र समयको पावन्दि किन ? कार्यक्रम ढिला शुरु गर्दा, अध्यक्षले लामो प्रतिवेदन वाचन गर्दा समयको पावन्दि नलाग्ने, हामीलाई मात्र लगाउनु भनेको पब्लिकले कम बोलोस भन्ने आशय हो ?
- साधारण सभा पौष मसान्तभित्र किन हुन नसकेको हो, स्पष्टिकरण चाहियो ।
- जल विद्युत परियोजनामा कति कर्जा प्रवाह भएको छ, खुलाएको भए राम्रो हुन्थ्यो ।
- लेखा परिक्षण समितिको नामावली र कति भत्ता दिईयो खुलाउनु पर्दथ्यो ।
- लेखा परिक्षकको पारिश्रमिक रु. एक लाख तोकिएको छ, यो भन्दा अघि टंक प्रसाद पनेरुलाई कति दिईएको थियो खुलाउनु पर्दथ्यो । अडिट खर्चमा ५ लाख देखाईएको छ, किन हो ?
- संचालकको भत्ता रु. ३,०००।- ठुलो होईन तर नैतिकता ठुलो हो, लाभांश खोई ? पहिला कमाउँ अनि खर्च गरौ । अर्को वर्ष यति लाभांश दिन्छौ भन्नु पऱ्यो ।

- डिपोजिट राम्रो छ, मागेका बखत दिनु पर्ने रकममा भर पर्नु हुदैन । खुसुक्क निकालि दिने हुदाँ तरलताको समस्या हुन सक्छ ।
- प्रमोटरहरुमा असन्तुष्टि धेरै पाईयो ।
- आजको दिन शेयरधनीहरुको दिन भएकोले वार्षिक प्रतिवेदनको पछाडी नारी सम्मान खाताको सट्टा शेयरधनी खाता राख्नु पर्दथ्यो ।
- कर्मचारीहरुमा अनुशासन नभएको हो की जस्तो छ, ग्राहकलाई भगवान सम्झिनु पर्दछ । Warm & Good Response गर्नु पर्दछ ।
- शेयरको मूल्य घट्दो छ, कतै अरुले बैंकको शेयर प्रति खेल खेलि रहेको त छैन ?

११) शुप्रभात भण्डारी

- यो बैंक विद्युत प्राधिकरणको मात्र नभएर पब्लिकको बैंक हो ।
- हातमा लागेको चिज सबैलाई बाँड्नुहोस ।
- यस वर्ष चन्दा शुन्य रहेछ, धन्यवाद् दिन्छु ।
- शेयरधनीहरुलाई राम्रो प्रभाव दिन नसकेको जस्तो लाग्यो, ग्राहकलाई रिजाउनु होस् ।
- आगामी दिनमा सबैले लाभांश पाउन ।
- ATM समय समयमा नचल्ने तर्फ बैंकलाई घच्घचाउने मध्ये म पनि एक हुन्थे तर हिजो कान्तिपुर टि भि हेर्दा यो समस्या हाम्रो मात्रै होईन रहेछ, सबैतिर त्यस्तै रहेछ ।

१२) महेन्द्र बहादुर श्रेष्ठ

- लाभांशको कार्यक्रम के छ ।
- संचालक हुन २,००० कित्ता हुनु पर्ने प्रावधान ठिक होईन ।
- संचालकलाई रु. ३,०००।- भत्ता ठिक छ तर लाभांश पछि मात्र होस ।
- हाइड्रो पावरमा लगानी राम्रो भएतापनि प्रतिफल नआउन पनि सक्छ ।
- बैंकबाट नै विद्युत, पानी, टेलिफोनको महशुल तिर्ने व्यवस्था मिलाउनु पर्‍यो ।
- AGM किन ढिला भयो । वार्षिक प्रतिवेदन समयमा नै पाउनु पर्‍यो । Merger तिर ध्यान दिनु पर्‍यो ।

१३) शिव प्रसाद शर्मा

- संचालकहरु एकजुट हुनु पर्दछ, संचालकहरुमा विवाद बढ्यो भने कम्पनी अँध्यारोतिर जान्छ ।
- सर्वसाधारण शेयरधनीलाई वास्ता नगरेको जस्तो छ, प्रतिवेदनको पृष्ठ १२ मा सर्वसाधारण शेयरधनी ०.०० प्रतिशत भनेको के हो ?
- शाखा खोल्नु पूर्व स्थानियवासीहरुको मन जित्नु भएको छ की छैन ?
- संचालकलाई भत्ता हामी दिन्छौ । आफै नबढाउनुहोस् । शत प्रतिशत बढाउनु गलत हो ।
- स्पष्ट प्रतिवद्धता र योजना सहित अघि बढ्नुहोस् ।
- शाखा कार्यालयहरुको सुपरिवेक्षण छ, छैन ? हुनु पर्दछ ।

१४) भरतकुमार खड्का

- विद्युत प्राधिकरणको रोग ज्योति विकास बैंकमा नआओस ।
- संचालककहरुले पनि निक्षेपमा पहल गर्नु पऱ्यो ।
- संचालकको भत्ता बृद्धि र अनुमोदनको औचित्यता पुष्टि गरियोस ।
- लगानी सहि छ, छैन संचालकलाई थाहा छ ? हाईड्रो पावरमा लगानी गर्दा सबै वस्तुगत अध्ययन पछि मात्रै होस् नत्र धादिङ्गको थोपल खोला जस्तो होला ।
- ५ वर्ष भैसक्यो सुको पाएको छैन, मान्छे आक्रोसमा आएपछि परिणाम नराम्रो हुन सक्छ, त्यसैले गहन योजना बनाउनुहोस् र अघि बढ्नुहोस् ।

१५) सुनिता सिंह बुढाथोकी

- बैंकका राम्रा पक्षहरु पनि पक्कै छन् । नाफाको दृष्टिले, शाखा खोलेको दृष्टिले, दुर्गम जिल्ला खोटाङ्गमा समेत शाखा पुऱ्याएको छ । अरु जिल्लामा पनि खोलिनु पर्छ ।
- कर्मचारी धेरै होईन दक्ष बनाउनु पर्छ, खर्च कटौती गर्नु पर्छ । शेयरधनीलाई लाभांश दिन पहल गर्नु पर्छ । समस्या हटाउन कर्मचारीलाई दृढ बनाएर अघि बढ्नु पर्छ ।
- खराव पक्ष मनन गरि हाउसमा देखाईएका त्रुटीहरु आगामी दिनमा नदोहोरियोस र आगामी दिनमा राम्रो प्रतिफल पाईयोस ।
- सर्वसाधारणबाट आउने ३ जना संचालकमा एक जना महिला पनि ल्याइयोस ।

१६) ज्यो. कृष्ण: शर्माधिकारी काश्यप

- ७८७ प्रतिशतले कारोवार बढेकोमा धन्यवाद् ।
- प्रोक्सीमा जिल्ला पछि वडा उल्लेख छ, गाँउ नगर छुटेको रहेछ, आगामी दिनमा सच्याईयोस् ।
- राष्ट्र बैंकको कैफियतको जवाफ पनि छाप्नु पर्दथ्यो ।
- कर्मचारीहरुको व्यवहार नराम्रो पाएको छैन र हुनु पनि हुँदैन, काममा व्यस्त भईरहेको पाएको छु ।
- कर्मचारीलाई तालिम दिए पछि अन्त नजाउन ।
- खल्तीमा केही दिनु भएन, अर्को पल्ट २० प्रतिशत लाभांश खुवाउन सफल हुनुहोस् ।

१७) गोपाल बहादुर शाह

- बैंकको बारेमा बजारमा ठुलो Comment आएको छ ।
- पव्लिक शेयरधनीको सम्वन्ध संचालकसंग नङ र मासु जस्तो हुनु पर्दछ ।
- ज्योति विकास बैंकले देशव्यापी नेटवर्क बनाएर साच्चै सुदुर गाँउमा पनि ज्योति बाल्न सकोस् ।

१८) ध्रुव कुमार उप्रेति

- कर्मचारी वर्गको जीवन रुपान्तरण गर्न यो बैंक खोलिएको हो ।
- मेरो एउटा आग्रह छ, एउटा हाईड्रो पावर फण्ड खोलौं ।

- आगामी वर्ष १५ प्रतिशत लाभांश दिने Commitment गर्नुहोस् तीन हजार होईन तीन हजार एक सय भत्ता दिन्छौं ।
- म आफु पनि Technical Team मा बसेर थुप्रै Projects हेरेको छु । राम्रा काम भएका छन । कमि कमजोरीहरुलाई सुधार गरि प्रतिस्पर्धामा जानु पर्दछ ।
- Merge हुने सम्वन्धमा छलफल भएका छन् । हाईड्रोमा अझै लगानी गर्नु पर्दछ ।

लिखित राय, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्ने शेयरधनी नभएको सभालाई अवगत गराइयो ।

८. शेयरधनी महानुभाबहरुले प्रस्तुत गर्नु भएको राय, जिज्ञासा, मन्तव्य तथा सुझावहरु एवं सभाध्यक्षज्यू स्वयम् र सभाध्यक्षज्यूको अनुमतिले प्रमुख कार्यकारी अधिकृतको जवाफ:

- समिक्षाहरु सकारात्मक र रचनात्मक छन । कर्जा, गुणस्तर, प्रतिफल, Performance संग सरोकार राख्ने सुझाव हुनुका साथै बैंकको भविष्यसंग सम्वन्धित भएकाले धन्यवाद् दिन्छु ।
- अर्को वर्ष लाभांश खुवाउन हामी प्रतिवद्ध भई लागेका छौं । हाईड्रो पावरमा लगानी गर्ने लक्ष्य छ । यसमा लागानी गर्न पूँजी बृद्धि गर्नु पर्ने हुन्छ ।

- बैंक संचालन पूर्वदेखि अर्थात २०६२/०६३ देखि नै संचालक समितिको गठन भएदेखि कटिबद्ध रुपमा बैंक स्थापनाका लागि खटेर संचालक समितिले कार्य गर्दै आएको भएता पनि मिति २०६५/३/३० मा बैंक संचालन स्विकृती प्राप्त भएपछि मात्र बैठक भत्ता रु. १,५००।- मात्र लिइ आएको व्यहोरा जानकारी गराउँदछु । बैंकको मिति २०६६।०१।२१ मा सम्पन्न प्रथम वार्षिक साधारण सभाबाट संचालकको बैठक भत्ता रु. ३,०००।- कायम गर्ने गरि पारित भईसकेको केवल सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व भएको साधारण सभाबाट अनुमोदन गर्नु पर्ने र अन्य विकास बैंकमा संचालकहरुलाई दिईएको भत्ता सुविधा रकम भन्दा ज्यादै कम समेत रहेको हुँदा नियमावलीमा संसोधनको प्रस्ताव गरिएको हो ।

- बैंकले शेयरधनीहरुले दिएको ठेगानामा प्रतिवेदन पठाएको, बैंकको Website मा प्रतिवेदन राखेको र कानून बमोजिम राष्ट्रिय स्तरका पत्रिकामा पनि सूचना प्रकाशित गरिएको छ । यहांहरुको सल्लाह बमोजिम आगामी बर्षहरुमा प्रतिवेदन वितरणका लागि सुधार गर्ने प्रयास गर्नेछौं ।

- शेयरधनी महानुभावहरुलाई हाल भएको दुई करोड बाईस लाख रुपैयाँ बाँडन Statutory प्रावधानले नमिलेको हो । आगामी दिनमा हामी केही न केही दिन्छौं । पौष मसान्तसम्मको परिणामले त्यसको स्पष्ट लक्षण दिएकोछ र हामी लक्ष्य पछ्याई रहेका छौं ।

- सर्वसाधारणमा वितरण गरिएको शेयर Listing मा हुन गएको ढिलाईले गर्दा पौष मसान्तभित्र साधारण सभा हुन नसकेको हो । आगामी दिनमा समयमै साधारण सभा सम्पन्न गर्न प्रतिवद्ध छौं ।

- राष्ट्र बैंकबाट प्राप्त सुझावहरुको अनुशरण गरेका छौं । बैंक संचालनमा आएको साँढे दुई वर्ष भएको छ । बैंकको प्रतिष्ठामा आँच आउने कुनै काम भएको छैन ।

- निक्षेप र कर्जामा प्रतिस्पर्धा कडा छ । हामी सन्तुलित भएर अघि बढ्नु पर्ने हुन्छ र बढो सतर्कताका साथ अघि बढि रहेका छौं ।

- ७९ प्रतिशत CD Ratio राम्रो हो । आजका दिनमा दुई अरव छपन्न करोडको निक्षेप र दुई अरव चालिस करोडको कर्जा लगानी भएको छ । हामीले आजको आजै Record हेर्न सक्ने प्रविधिका कारण Record UP to date छ । ३५ प्रतिशतको Liquidity छ । Indicator राम्रो छ ।

- NPA ०.००२ प्रतिशतमा झरेको छ । पहिलेको लेखा परिक्षकलाई लेखा परिक्षणको पारिश्रमिक रु. नव्बे हजार तोकिए बमोजिम नै दिइएको हो । Long Form Audit, Tax Audit, शाखा कार्यालयहरुमा Audit गर्न जाँदा भएको खर्च तथा आन्तरिक लेखा परिक्षण बापतको खर्च समेत गर्दा पाँच लाख देखिएको हो ।

- सर्वसाधारण शेयरधनीहरुको प्रवेश २०६७ आषाढ मसान्तपछि मात्र भएकोले प्रस्तुत वार्षिक प्रतिवेदनको पृष्ठ नं. १२ मा सर्वसाधारण शेयरधनी ०.०० प्रतिशत लेखिएको हो ।

- राष्ट्रिय स्तरका १३ वटा विकास बैंकहरु वीचको तुलनात्मक स्थिती हेर्दा हाम्रो बैंकको अवस्था तपाईहरु सवैले मनन गर्न सक्नु हुनेछ भन्ने लाग्दछ, जस अनुसार Capital Base को आधारमा हामी पाँचौ स्थानमा छौं । Reserve & Surplus का आधारमा हामी सातौं स्थानमा छौं । Net Worth का आधारमा हामी पाँचौ स्थानमा छौं । Deposit का आधारमा दशौं स्थानमा छौं । Loans & Advance का आधारमा नवौं स्थानमा छौं । Net Profit का आधारमा हामी पाँचौं स्थानमा छौं । Operating Profit का आधारमा हामी तेस्रो स्थानमा छौं । Return on Equity का आधारमा हामी चौथो स्थानमा छौं । Staff Expense कम गर्ने आधारमा हामी तेस्रो स्थानमा छौं भने Other Operating Expenses कमका आधारमा हामी पाँचौं स्थानमा भएबाट बैंकको समग्र स्थिती कसैबाट छिपेको छैन । हामीले राम्रो गरिरहेको यी तथ्य आफैले बोलेका छन । Deposit / Loan मा हामी अलि पछि पर्नुमा हामी संचालनमा आएको भर्खर साँढे दुई वर्ष मात्र भएकोले हो ।

- प्राप्त रचनात्मक एवं सकारात्मक राय सुझावलाई कार्यान्वयनका लागि पहल गर्ने प्रतिवद्धता सहित आफ्नो अमूल्य समय दिई बैंकको यस तेस्रो वार्षिक साधारण सभालाई सफल तुल्याई दिनु भएकोमा हार्दिक आभारका साथ धन्यवाद व्यक्त गर्दछौं ।

९. <u>प्रस्ताव माथि छलफल तथा निर्णयहरुः</u>

(१) सञ्चालक समितिको आ.व.२०६६/०६७ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

- सभाका अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको सञ्चालक समितिको आ.व.२०६६/०६७ को वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०६७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६६/०६७ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

- सभाका अध्यक्षज्यूले लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०६६/०६७ को वासलात, नाफा–नोक्सान हिसाव र नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने प्रस्ताव सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(३) आर्थिक बर्ष २०६७/०६८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

- बैंकको चालु आ.ब. २०६७/०६८ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धी प्रस्ताव उपर विस्तृत छलफल पश्चात बैंकको आ.व.२०६७/०६८ को हरहिसावको लेखापरीक्षण गर्नको लागि एफ सि ए श्री ज्ञानेन्द्र बहादुरभारीज्यूलाई नियुक्ति गर्ने र निजलाई आ.ब. २०६७/०६८ को हरहिसावको लेखापरीक्षण शुल्क रु. १,००,०००/- (अक्षेरुपी एक लाख रुपैंया) पारिश्रमिक दिने सर्वसम्मतीबाट निर्णय पारित गरियो ।

(४) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने संचालक संख्या- ३ जना निर्वाचित गर्ने ।

- सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने संचालक संख्या- ३ जनाका लागि ८ जना शेयरधनीहरु क्रमशः पोषराज सुवेदी, ध्रुव कोईराला, निर्मल बाबु अर्याल, बासुदेव रिजाल, रामचन्द्र सिग्देल, केशवराज आचार्य, अन्जु थापा र केशव भुजेल समेतले बैंक संचालक निर्वाचन कार्यालयमा उम्मेदवारी दर्ता गराउनु भएकोमा आजै पोषराज सुवेदी, निर्मल बाबु अर्याल, अन्जु थापा र केशव भुजेलले आफ्नो उम्मेदवारी फिर्ता लिनका लागि अध्यक्षको सहमती माग्नु भएकोले अध्यक्षज्यूबाट सहमति प्राप्त गरि उम्मेदवारी फिर्ता लिनु भई बाँकी रहेका ४ जना उम्मेदवार बीच निर्वाचन समितिले सम्पन्न गरेको मतदान कार्यक्रमबाट बासुदेव रिजालले १,३२,४८०, ध्रुव कोइरालाले ७,४०,०७० रामचन्द्र सिग्देलले ७,३८,२०० केशवराज आचार्यले ८,३६,३२० मत प्राप्त गर्नु भएकोमा बढि मत प्राप्त गर्नु हुने ३ जना उम्मेदवारहरु क्रमशः केशवराज आचार्य ८,३६,३२०, ध्रुव कोइराला ७,४०,०७० र रामचन्द्र सिग्देल ७,३८,२००

मत प्राप्त गरि संचालक पदमा निर्वाचित हुनु भएको घोषणा प्रमुख निर्वाचन अधिकृत केदार प्रसाद कोइरालाले गर्नु भएकोले सभामा उपस्थित शेयरधनीहरुद्वारा निर्वाचन कार्यक्रममा भाग लिई ३ जना संचालक निर्वाचित गरियो ।

(५) संचालक समितिको पारिश्रमिक, भत्ता र सुविधा व्यवस्थामा परिमार्जन संसोधन गर्ने ।

- मिति २०६६।०१।२१ मा सम्पन्न बैंकको प्रथम वार्षिक साधारण सभाबाट पारित भएको निर्णय अनुसार प्रति बैठक भत्ता रु.३,०००।- का दरले संचालकहरुलाई बैठक भत्ता प्रदान गर्ने र संचालकहरुले बैंकको कामको सिलसिलामा स्वदेशका विभिन्न स्थानमा भ्रमण गर्दा दैनिक भ्रमण भत्ता खर्च रु. २,५००/- दिने निर्णय समेतलाई अनुमोदन गर्ने निर्णय भयो ।

(६) धितोपत्र बोर्डको निर्देशानुसार संचालक हुन लिनुपर्ने न्यूनतम शेयर संख्या परिवर्तन गर्ने सम्वन्धमा ।

- नियमनकारी निकाय नेपाल धितोपत्र बोर्डबाट विकास बैंकको विवरणपत्र स्विकृत गर्दा विकास बैंकको संचालकको पदमा नियुक्त हुनको लागि विनियम २८ बमोजिम कुनै पनि शेयरधनीले आफ्नो नाममा २००० कित्ता शेयर लिएको हुनुपर्नेछ भन्ने नियमावलीको प्रावधानलाई संशोधन गरि विकास बैंकको संचालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ भन्ने कायम गर्न दिएको निर्देशन अनुसार शेयर संख्या परिवर्तन गर्ने निर्णय भयो ।

(ख) विशेष प्रस्ताव:

(१) बैंकको प्रवन्ध पत्र, नियमावली (संलग्न विवरण अनुसार) मा आवश्यक परिमार्जन/ संशोधन गर्ने ।

- बैंकको प्रवन्ध-पत्र, नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव माथि विस्तृत छलफल गरी नियमावलीमा देहाय वमोजिमका दफाहरु संशोधन गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

<u>नियमावलीमा गर्नु पर्ने संशोधन</u>

| साविक व्यवस्था र दफा | हाल गर्नु पर्ने संशोधन र दफा | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| २८. संचालक हुन लिनुपर्ने न्यूनतम शेयर संख्या: यस विकास बैंकको संचालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा २००० कित्ता शेयर लिएको हुनुपर्नेछ ।<br>तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागू हुने छैन । | २८. संचालक हुन लिनुपर्ने न्यूनतम शेयर संख्या: यस विकास बैंकको संचालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ ।<br>तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागू हुने छैन । | विकास बैंकको विवरण पत्र दर्ता स्विकृती गर्दा नेपाल धितोपत्र बोर्डबाट प्राप्त निर्देशानुसार संशोधन गरिएको । |

| | | |
|---|---|---|
| ३२(क). दैनिक कार्य संचालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न भएमा संचालकले मासिक पारिश्रमिक दिईने छैन र स्वदेश तथा विदेशको भ्रमण खर्च टिकट बमोजिमको वास्तविक खर्च भएको रकमको आधारमा भुक्तानी दिनेछ | ३२(क). दैनिक कार्य संचालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न भएमा संचालकलाई मासिक पारिश्रमिक दिईने छ र स्वदेश तथा विदेशको भ्रमण खर्च टिकट बमोजिमको वास्तविक खर्च भएको रकमको आधारमा भुक्तानी दिइनेछ | प्रवन्ध संचालकलाई बैंक तथा वित्तीय क्षेत्रमा पारिश्रमिक दिने प्रावधान भएकोले सच्याईएको । |
| ३२(ख) : संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रु. १५००।- हुनेछ । | ३२(ख) : संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रु. ३,०००।- हुनेछ । | समयानुकुल पारिश्रमिक बृद्धि गर्नु पर्ने भएकोले । |
| ३२(ग)(अ) : स्वदेशमा दैनिक भत्ता रु.१०००।- | ३२(ग)(अ) : स्वदेशमा दैनिक भत्ता रु.२५००।- | समयानुकुल भत्ता बृद्धि गर्नु पर्ने भएकोले । |

साथै उल्लेखित पारित प्रवन्धपत्र, नियमावलीमा संशोधन अभिलेख गराउने कममा कम्पनी रजिष्ट्रारको कार्यालयवाट र नेपाल राष्ट्र बैंकवाट कुनै थपघट हुने भएमा सञ्चालक समितिमा छलफल गरी थपघट गर्ने गरी सञ्चालक समितिलाई अधिकार दिने निर्णय समेत गरियो ।

(ग) विविध ।

विविध शीर्षक अन्तर्गत छलफलका कुनै विषय नभएको जानकारी गराइयो ।

१०. धन्यवाद ज्ञापन:

छलफलका विषय तथा प्रस्तावहरु पारित तथा अनुमोदन भएको घोषणा अध्यक्षज्युले गर्दै सभामा उपस्थित शेयरधनी महानुभावहरु, सम्वन्धित निकायका प्रतिनिधिहरु, पत्रकारहरु, बैंकका कर्मचारी, नव निर्वाचित हुनु भएका तनि जना संचालक तथा अन्य पदाधिकारीहरु एवं यो साधारणसभा सफल गराउन आफ्नो अमूल्य समय दिई सहयोग गर्नु हुने सवैलाई धन्यवाद दिदै तेस्रो बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

मदन कुमार महत
कम्पनी सचिव

प्रचारमान सिंह प्रधान
अध्यक्ष

मिति: २०६७/११/२०